**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**प्रेश बिज्ञप्ती**

**२०७२ बैशाख १८ गते**

मिति २०७२/०१/१२ मा मुलुकमा आएको विनासकारी भुकम्प पछि विभिन्न दातृ राष्ट,निकाय तथा संघ संस्थाबाट् पैठारी गर्ने उद्धार र राहत सम्बन्धि यन्त्र उपकरण तथा खाद्य सामाग्रीमा लाग्ने कर महसुलका सम्बन्धमा नेपाल सरकार ( मन्त्रीपरिषद) को मिति २०७१/०१/१३ को निर्णय देहायबमोजिम रहेको छ ।

- नेपाल सरकार तथा संयुक्त राष्ट्र संघ बीच आपतकालिन अवस्थामा राहत खेप ( Relief Consignment ) एवं राहतकर्मीको साथमा सामानको छिटो आयात, निर्यात र पारवहन व्यवस्था सम्बन्धि ३१ मे २००७ मा सम्पन्न ढाँचा सम्झौता ( Model Agreement ) को धारा २ तथा अन्यन्त्र उल्लेख भएबमोजिम संयुक्त राष्ट्रसंघिय राहत कार्यमा संलग्न निकायहरु वा सोही सम्झौताको अनुसूचीको ढाँचामा मानवीय मामिलाका लागि संयुक्त राष्ट्र संघीय राहत कार्यमा संलग्न निकायहरु वा सोही सम्झौताको अनुसूचीको अनुसूचीको ढाँचामा मानवीय मामिलाका लागि संयुक्त राष्ट्र संघीय समन्वय कर्ताको कार्यालयबाट प्रदत्त प्रमाणपत्रधारी सरकारी, गैरसरकारी , अर्ध सरकारी संगठनहरु एवं ती निकायहरुबाट करार बन्दोबस्त गरिएका ढुवानीकर्ताको हकमा धारा ३.३ बमोजिम छुट दिने ,
- द्धिपक्षीय सहायता अन्तर्गत विभिन्न मुलुक, सरकारी निकाय एवं अन्य संगठनबाट उपलब्ध गराउने उद्दार एवं राहत सामाग्री सम्बन्धी सहायता स्वीकार गर्ने प्रयोजनका लागि गृह सहसचिवको संयोजकत्वमा अर्थ मन्त्रालयका सहसचिव, परराष्ट्र मन्त्रालयका सहसचिव,त्रिभुवन विमानस्थल स्थित अध्यागमन कार्यालय प्रमुख र नेपाली सेनाका प्रतिनिधि रहेको संयुक्त कार्य संचालन टोलीको गठन गर्ने । सो टोलीले औचित्य हेरी पूर्व स्वीकृति दिने र सोही बमोजिमका सहायता स्वीकार गर्ने ।
- खण्ड ( ख) बमोजिम स्वीकृति पत्र नै नलिएका वा प्रदत्त स्वीकृतिपत्रमा उल्लेख नभएका वा उल्लेख हुन छुटेका साधन वा राहत सामग्रीका हकमा खण्ड (ख) मा उल्लिखित टोलीले औचित्यका आधारमा निर्णय गर्ने ।

यस सम्बन्धमा थप स्पष्ट पार्न मिति २०७२/०१/१७ मा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठकले गरेको निर्णय देहाय बमोजिम रहेको छ ।

त्रिभुवन विमानस्थल मार्फत अन्तर्राष्ट्रिय दातृ संस्था एंव गैर सरकारी संस्थाहरुको तर्फबाट प्राप्त भएको उद्धार सामाग्री तथा उद्धार टोलीको उपकरण यन्त्र तथा खाद्य सामाग्रीहरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयले सम्वन्धित संस्थाको नेपाल स्थित निकायको नाममा लाग्ने सम्पूर्ण कर, महशूल तथा शुल्क लगतमा राखी जाँचपास गर्ने ।

- त्रिभुवन विमानस्थल वाहेक अन्य भन्सार कार्यालयहरुको हकमा सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय विकास अधिकारी, सुरक्षा निकायका प्रमुखहरु र सम्वन्धित भन्सार कार्यालयको प्रमुख रहेको राहत सामग्री सिफारिस समिति गठन गरी सो समितिले औचित्य र आवश्यकताका आधारमा सिफारिस गरे वमोजिम पैठारी हुने उद्धार तथा राहत सामाग्रीमा लाग्ने सम्पूर्ण कर, महशूल तथा शुल्क लगतमा राखी जाँचपास गर्ने । यसरी पैठारी भएका सामाग्रीहरुको विवरण प्रमुख जिल्ला अधिकारीले तत्काल केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा पठाउने ।
- व्यक्तिगतरुपमा राहत तथा उद्धारका लागि प्राप्त भएका औषधी, खानेपानी, खाद्यान्न तथा उद्धारका उपकरणहरु नेपाल सरकारले खोलेका केन्द्रीय वा जिल्लास्थित वेयर हाउस (Warehouse) मा जम्मा भएमा वा नेपालस्थित अन्तर्राष्ट्रिय एजेन्सी र स्वीकृत प्राप्त गैर नाफामुलक स्वदेशी तथा विदेशी संस्थाहरुले वुझिलिइ केन्द्रीय दैवी प्रकोप उद्धार समिति र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरि वितरण गर्ने भएमा त्यस्ता मालवस्तुहरु समितिको सिफारिशमा कर, महशूल तथा शुल्क लगत राखी जाँचपास गर्ने । तर यस्ता संस्थाहरुले भन्सारमा मालवस्तुको घोषणा गर्दा संस्था दर्ताको प्रमाणपत्र, सम्पर्क नम्वर, संस्थाको आधिकारीक ब्यक्तिको नाम ठेगाना, राहत वितरण गर्ने स्थान र आफूले घोषणा गरेको ब्यहोराको सत्यता प्रमाणित गरेको हुनु पर्नेछ ।
- यसरी लगतमा पैठारी भएका मालवस्तुहरु नेपाल सरकारले तोकेको मापदण्ड भित्र वितरण गरे पश्चात सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराइ ३० दिन भित्र भन्सार कार्यालयमा पेश गरेपछि भन्सार कार्यालयले लगत कट्टा गर्नेछ । तोकिएको अवधि भित्र प्रमाणित गरी सम्बन्धित भन्सार कार्यालयमा पेश नगरेमा भन्सार प्रमुखले नियमानुसार लाग्ने महशुल तथा कर शुल्क एवं जरिवाना असुल उपर गरी कानुन बमोजिम थप कारवाही समेत गर्नेछ ।